राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १७० २०८२ माघ ९ गते शुक्रवार (23 Jan. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## निर्वाचन प्रहरीतर्फ महिलाको आकर्षण

दैनिक समाचारदाता

वीरगन्ज ८ माघ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन प्रहरी बन्ने चाहना बोकेर पर्सामा विभिन्न उमेर समूहका महिला तथा पुरुषहरू शारीरिक अभ्यासमा जुटिरहेका छन्। वीरगन्जस्थित नारायणी रङ्गशालामा बिहानैदेखि देखिने यो दृश्यले आर्थिक बाध्यता, पारिवारिक जिम्मेवारी र देशसेवाको भावनालाई एकसाथ उजागर गरेको छ।

पर्साको विन्दवासिनी गाउँपालिका-१ की ५३ वर्षीया शिशकुमारीदेवी विनिन तेस्रो पटक निर्वाचन प्रहरी बन्ने प्रयासमा हुनुहुन्छ। तीन सन्तानकी आमा विनिन रहरभन्दा पनि पारिवारिक आर्थिक अवस्थाका कारण निर्वाचन प्रहरीमा सहभागी हुनुपरेको बताउनुहुन्छ। "घरको दैनिकी चलाउन र दुर्घटनामा परेका छोराको उपचार खर्च जुटाउन निर्वाचन प्रहरी बन्न खोजेकी हुँ," उहाँले भन्नुभयो। यसअघि दुई पटक म्यादी प्रहरीको अनुभव भएकाले यसपालि पनि छनोट हुने आशा राख्नुभएको छ।

यस्तै, पर्साको पोखरिया नगरपालिका-की ३२ वर्षीया तेतरीदेवी चमार पनि दुई सन्तानको भविष्य सुनिश्चित गर्न निर्वाचन प्रहरी बन्ने लक्ष्यसहित अभ्यासमा जुट्नुभएको छ। "देशको सेवा पनि हुने र छोराछोरीको पढाइ खर्च जुटाउन सहज हुने देखेर आएको हुँ," उहाँको भनाइ छ। बहुदरमाई नगरपालिका-९ की चन्द्रमादेवी पनि आर्थिक अवस्था कमजोर भएकाले निर्वाचन प्रहरीमार्फत रोजगारी र सेवाको अवसर खोज्दै मैदानमा



बाकी ४पृष्ठमा

## रेशम चौधरीको उम्मेदवारी खारेजको तीन कारण

दैनिक समाचारदाता

काठमाडौँ ८ माघ। आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि नागरिक उन्मुक्ति पार्टी नेपालका तर्फबाट कैलाली निर्वाचन क्षेत्र नं. १ मा उम्मेदवारी दर्ता गराएका रेशमलाल चौधरीको मनोनयन बिहीबार खारेज गरिएको छ। कैलाली-१ स्थित निर्वाचन अधिकृतको कार्यालयले प्रचलित निर्वाचन कानुन तथा निर्देशिकाले तोकेको मापदण्ड पूरा नभएको ठहर गर्दै चौधरीको उम्मेदवारी अस्वीकृत गरेको हो। निर्वाचन अधिकृत देवराज भारतीले कानुनी रूपमा अयोग्य ठहर भएका व्यक्तिको मनोनयन कायम राख्न नसकिने स्पष्ट पारेका छन्।



निर्वाचन अधिकृतको कार्यालयका अनुसार चौधरीको उम्मेदवारी खारेज गर्नुका पछाडि तीन प्रमुख कानुनी आधारहरू रहेका छन्। पहिलो, वि.सं. २०७२ मा भएको टीकापुर घटनामा चौधरी मुख्य दोषी ठहर भई अदालतबाट जन्मकैदको सजाय पाएका व्यक्ति हुन्। यद्यपि उनले पछि राष्ट्रपतिबाट आम माफी पाएका थिए, तर अदालतको दोषी ठहर र फैसला बदर नभएकाले कानुनी रूपमा उनी अझै पनि दोषीको हैसियतमा नै रहेको कार्यालयको व्याख्या छ। यही अवस्थाका कारण उनी प्रतिनिधि सभा सदस्यको उम्मेदवार बन्न अयोग्य ठहर भएका हुन्।

दोस्रो, मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा १५९ को उपदफा (१०) अनुसार गम्भीर प्रकृतिका फौजदारी कसुरमा दोषी ठहर भई सजाय पाएका व्यक्तिहरू प्रतिनिधि सभा सदस्यको उम्मेदवार बन्न नपाउने व्यवस्था छ। सोही कानुनी प्रावधानलाई आधार मानेर चौधरीको मनोनयन खारेज गरिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

तेस्रो, निर्वाचन आयोगको अघिल्लो निर्णय पनि यस प्रकरणमा निर्णायक बनेको छ। आयोगले वि.सं. २०८० फागुन २४ गते चौधरीलाई राजनीतिक दलको सदस्य बन्न समेत अयोग्य रहेको ठहर गर्दै निर्णय गरिसकेको थियो। उक्त निर्णयलाई समेत आधार मान्दै निर्वाचन अधिकृतको कार्यालयले उनको उम्मेदवारी रद्द गरेको जनाएको छ। निर्वाचन अधिकृतको कार्यालयको यो निर्णयसँगै कैलाली-१ मा नागरिक उन्मुक्ति पार्टीको तर्फबाट उम्मेदवारका रूपमा चौधरीको प्रतिस्पर्धा औपचारिक रूपमा समाप्त भएको छ।

## 'सभा, सम्मेलन गर्दा अनुमति लिनुपर्ने'

सर्लाही, ८ माघ। जिल्ला प्रशासन कार्यालय मलङ्गवा सर्लाहीले राजनीतिक दल तथा दल निकट भातृ सङ्गठनहरुलाई राजनीतिक सभा, सम्मेलनलगायतका कार्यक्रम आयोजना गर्दा कार्यालयबाट अनुमति लिन भनेको छ।

फागुन २१ गतेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई मध्यनजर गर्दै सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले सूचना जारी गर्दै राजनीतिक सभा, सम्मेलनलगायतका कार्यक्रम आयोजना गर्दा जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराई अनुमति लिन अनुरोध गर्नुभएको हो। आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रक्रिया चरणवद्ध रुपमा अघि बढिरहेको सन्दर्भमा जिल्लाभित्र शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न यस प्रकारको सूचना जारी गर्नुपरेको सहायक प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनुभयो।

यस्तै, सिडिओ कार्यालयले राजनीतिक कार्यक्रममा जाने आउने क्रममा सरकारी सवारी साधन प्रयोग नगर्न/नगराउनसमेत अनुरोध गरेको छ। यसैबिच, मङ्गलबार उम्मेदवारी दर्ता गराएपछि अधिकांश दलहरुले हिजो प्रत्येक

बाकी ४पृष्ठमा

जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट जोगिऔं।


*हुस्सु, कुहिरो र शीतलहरका समयमा सवारी दुर्घटनाको सम्भावना बढ्न सक्छ, त्यसैले:*

- सवारीसाधन ध्यानपूर्वक चलाऔं,
- सवारी चलाउनु अघि सवारीको यान्त्रिक अवस्था जाँच गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको समयमा फग लाइट बालेर मात्र सवारी चलाऔं,
- बाक्लो कुहिरो हुँदा आवश्यक परे हर्न बजाऔं,
- तीव्र गतिमा सवारी नचलाऔं,
- सवारी रोक्नुपर्दा संकेत दिएर मात्र सडकको छेउमा रोकौं,
- मादक पदार्थ सेवन गरेर सवारी नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा सतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि सुरक्षित राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# संविधान कार्यान्वयनका १० वर्ष प्रगतिशील पाठ, कमजोर अभ्यास

संविधान जारी भएको एक दशक पूरा हुनु आफैंमा ऐतिहासिक मोड हो। २०७२ सालमा जारी संविधानले नेपाललाई संघीय, लोकतान्त्रिक, गणतान्त्रिक र समावेशी राज्यका रूपमा परिभाषित गर्दै लामो राजनीतिक संक्रमणलाई संस्थागत गर्ने प्रयास गरेको थियो। तर संविधानको कागजी प्रगतिशीलता र व्यवहारिक कार्यान्वयनबीचको दूरी भने दस वर्ष बितिसक्दा पनि गम्भीर रूपमा कायम छ। यही यथार्थलाई उजागर गर्ने अवसरका रूपमा जनकपुरधाममा सम्पन्न 'संविधान कार्यान्वयनका १० वर्ष: उपलब्धि, समस्या, चुनौती र सुधारका उपाय' विषयक अन्तरक्रिया कार्यक्रमलाई लिन सकिन्छ।

नेशनल लेजिस्लेटिभ एकेडेमीको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा संविधानका विभिन्न प्रावधानलाई नौ वटा परिच्छेदमा विभाजन गरी गरिएको विमर्शले संविधान आफैंमा कति व्यापक र समावेशी छ भन्ने देखायो। मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, समावेशिता, तहगत सरकारको विधायिकी अभ्यास, संघ-प्रदेश-स्थानीय तहबीचको सम्बन्ध, निर्वाचन प्रणालीजस्ता विषयमा भएको छलफलले एउटा साझा निष्कर्ष तर्फ इङ्गित गऱ्यो–समस्या संविधानमा होइन, यसको कार्यान्वयनमा छ।

संविधानले संघीय संरचनामार्फत राज्यशक्तिको विकेन्द्रीकरणको परिकल्पना गरेको भए पनि व्यवहारमा केन्द्रीय मानसिकता अझै बलियो देखिन्छ। प्रदेश र स्थानीय तहलाई प्रहरी प्रशासन, कर्मचारी समायोजन र बजेट व्यवस्थापनजस्ता आधारभूत अधिकार नदिइनु संघीयताको आत्मामाथिकै प्रहार हो। मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले उठाउनुभएको यही प्रश्न संविधान कार्यान्वयनको मूल बाधा हो। अधिकार बाँडफाँडको संवैधानिक व्यवस्था हुँदाहुँदै पनि राज्य संयन्त्रको अनिच्छा र राजनीतिक दलहरूको स्वार्थले संघीयता कमजोर बनेको छ।

संविधानको अर्को महत्वपूर्ण उपलब्धि मौलिक हकहरूको सुनिश्चितता हो। शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सम्प्रभुता, समानता र सामाजिक न्यायका हकहरू संविधानमा उल्लेख हुनु ठूलो प्रगतिका रूपमा लिनुपर्छ। तर यी हकहरू कति हदसम्म व्यवहारमा कार्यान्वयन भए? अझै पनि शिक्षा र स्वास्थ्य सेवामा असमान पहुँच, रोजगारीका अवसरको अभाव, दलित, महिला, आदिवासी-जनजाति र मधेशी समुदायको संरचनात्मक बहिष्करण यथावत् छ। संविधानले अधिकार दिएको छ, तर राज्यले त्यसलाई व्यवहारमा रूपान्तरण गर्न सकेको छैन।

समावेशिताको सवालमा पनि यस्तै विरोधाभास देखिन्छ। संविधानले समावेशी प्रतिनिधित्वको मार्ग खोलिदिए पनि नीति निर्माण र निर्णय प्रक्रियामा सीमित वर्ग र समूहको वर्चस्व तोडिन सकेको छैन। दलित, महिला र सीमान्तकृत समुदायका प्रतिनिधिहरूको उपस्थिति कतिपय अवस्थामा औपचारिकतामा सीमित देखिन्छ। जनकपुरधामको छलफलमा सहभागी दलित अभियन्ता, पत्रकार र राजनीतिकर्मीहरूको उपस्थितिले नै समावेशिताको बहस अझै अधुरो रहेको संकेत गर्छ।

संघीय संरचनाको कमजोर कार्यान्वयनले जनअसन्तोष बढाएको छ। पछिल्ला वर्षहरूमा देखिएको 'जेनजी आन्दोलन' केवल पुस्तागत आक्रोश होइन, यो संविधानले प्रतिज्ञा गरेका अवसर र राज्यको व्यवहारबीचको अन्तरको परिणाम हो। रोजगारी, शिक्षा, सुशासन र भविष्यप्रतिको भरोसा कमजोर हुँदा युवा पुस्ता सडकमा आउन बाध्य भएको छ। यदि संघीयता परिणाममुखी बन्न सकेको भए, यस्तो असन्तोषको स्वर यति तीव्र हुने थिएन।

निर्वाचन प्रणालीसमेत संविधान कार्यान्वयनको अर्को चुनौतीका रूपमा देखा परेको छ। प्रक्रिया जटिल, खर्चिलो र प्रशासनिक रूपमा बोझिलो बन्दै गएकोप्रति सभामुख यादवले उठाउनुभएको प्रश्न गम्भीर छ। निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो। तर निर्वाचन प्रणाली नै जनमैत्री र पारदर्शी बन्न नसक्दा लोकतन्त्रप्रतिको विश्वास कमजोर हुन्छ। संविधानले दिएको अधिकारलाई सार्थक बनाउन निर्वाचन व्यवस्थापन सुधार अपरिहार्य छ।

अब प्रश्न उठ्छ–समाधान के? पहिलो, संघीयताको कार्यान्वयनप्रति राज्य संयन्त्र र राजनीतिक दलहरू इमानदार हुनुपर्छ। प्रदेश र स्थानीय तहलाई संविधानले दिएको अधिकार व्यवहारमा हस्तान्तरण गर्न ढिलाइ गर्नु संघीयताको आत्मघाती कदम हो। दोस्रो, मौलिक हकहरूलाई नीति र बजेटसँग जोडेर कार्यान्वयन गर्नुपर्छ। कागजमा अधिकार लेखेर मात्र सामाजिक न्याय सम्भव हुँदैन। तेस्रो, समावेशितालाई प्रतिनिधित्वमा मात्र सीमित नगरी निर्णय प्रक्रियामा प्रभावकारी सहभागितामा रूपान्तरण गर्नुपर्छ। चौथो, निर्वाचन प्रणालीलाई सरल, पारदर्शी र खर्च न्यून हुने गरी सुधार गर्नुपर्छ। दस वर्षको यात्राले संविधानको शक्ति र कमजोरी दुवै देखाएको छ। संविधान आफैंमा प्रगतिशील छ, तर यसको आत्मा कार्यान्वयनबाट मात्र जीवित रहन्छ। जनकपुरधामको अन्तरक्रिया कार्यक्रमले यही सन्देश दिएको छ–संविधान जोगाउने जिम्मेवारी केवल कागजमा होइन, व्यवहारमा देखिनुपर्छ। नत्र संविधानको दशक केवल उत्सवको विषय बन्नेछ, परिवर्तनको होइन।

# सामाजिक सञ्जाल नियमन: नेपाल कहाँ चुक्दैछ ?

आनन्द गौतम

मानिसको सभ्यता २१औं शताब्दीमा पुगिरहँदा विभिन्न औद्योगिक क्रान्ति पार गरेर अहिलेको डिजिटल युगमा प्रवेश गरेको छ। अहिलेको परिवेशमा हाम्रा हरेक क्रियाकलाप सूचनाप्रविधिको प्रयोग विना अपुरो महसुस हुने अवस्था छ- चाहे त्यो दैनिक रूपमा गरिने संवाद होस् वा अत्यावश्यक सेवाहरूको प्रयोग। हरेक विषयमा डिजिटल उपस्थिति अनिवार्य सरह भइसकेको छ। हालै विश्व दूरसञ्चार संगठनले सार्वजनिक गरेको तथ्याङ्क अनुसार, विश्वको कुल जनसङ्ख्याको ७४ प्रतिशत मानिस इन्टरनेटको पहुँचमा पुगिसकेका छन्। सन् २००५ मा विश्वका जम्मा १६ प्रतिशत जनसङ्ख्या मात्रै इन्टरनेटको पहुँचमा थिए। तर, २० वर्षको अवधिमा आएको परिवर्तनलाई आफैंमा एक उल्लेखनीय उपलब्धि मान्न सकिन्छ।

नेपालको सन्दर्भमा समेत सन् २०२५ को अन्त्यसम्ममा कुल जनसङ्ख्याको ५६ प्रतिशत मानिस इन्टरनेटको पहुँचमा पुगिसकेको तथ्याङ्क छ। अझै मोबाइल इन्टरनेट (डेटा) को समेत आँकडा हेर्ने हो भने इन्टरनेटको पहुँच झण्डै ९० प्रतिशतमा पुगेको नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्कले देखाउँछ। यस अनुसार २ करोड ६६ लाखभन्दा बढी मानिस मोबाइल इन्टरनेटको पहुँचमा छन्। जसले इन्टरनेटको पहुँच मात्र नभएर हाम्रो समाज प्रविधिमैत्री भइरहेको इङ्गित गर्छ।

इन्टरनेटको पहुँच विश्वव्यापी रूपमा नै तीव्र गतिमा बढिरहेका बेला अधिकांश प्रयोगकर्ता सामाजिक सञ्जालमा सक्रिय रहेको तथ्याङ्कले देखाउँछ। विश्वभरि ५ अर्ब ६६ करोड र नेपालमा १ करोड ४८ लाख मानिस आजको दिनमा सामाजिक सञ्जालमा सक्रिय रहेको देखिन्छ। यसरी हेर्दा विश्व जनसंख्याको झण्डै ६९ प्रतिशत व्यक्तिहरूको उपस्थिति सामाजिक सञ्जालमा छ। जसले यो माध्यमलाई सामाजिक एवम् आर्थिक दुवै विधामा अर्थपूर्ण प्रभाव पार्ने विविध घटनाक्रमले चित्रण गरिसकेको छ।

***नेपालमा सामाजिक सञ्जाल नियमनको प्रयास***

इन्टरनेट प्रयोगकर्ताको सबैभन्दा ठूलो हिस्सा सामाजिक सञ्जालमा रमाइरहँदा यसको नियमनको विषय भने कुनै एक राष्ट्रको सीमाभित्र मात्रै सीमित भने छैन। नेपालको सन्दर्भमा सामाजिक सञ्जालको नियमन नयाँ विषय पक्कै होइन। २०७५ सालमा तत्कालीन सञ्चार तथा सूचनाप्रविधि मन्त्री गोकुल बास्कोटाले आफ्नो कार्यकालमा सूचनाप्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदमा दर्ता गराएका थिए। उक्त विधेयक नेपालको साइबर स्पेस नियमन गर्न अघि सारिएको एक नवीनतम अभ्यास थियो। जसमा सूचनाप्रविधि क्षेत्रको नियमनसँगै सामाजिक सञ्जाल नियमन गर्ने प्रावधान थिए। तर, कतिपय प्रावधानका कारण उक्त विधेयक विवादास्पद बन्न पुग्यो।

त्यो विधेयकमा उल्लेख गरिएका सामाजिक सञ्जाल सम्बन्धी व्यवस्था खण्डमा सामाजिक सञ्जाल दर्ता, दर्ता नहुने सामाजिक सञ्जाललाई रोक लगाउने, सूचनाप्रविधि विभागलाई सामाजिक सञ्जालमा सम्प्रेषण भएका विषयवस्तु हटाउन निर्देशन दिन सक्ने गरी अधिकारसम्पन्न बनाउने जस्ता प्रावधानहरूलाई लिएर नागरिकस्तरबाटै विरोध भयो। जसका कारण विधेयक तुहिन पुग्यो। त्यसपछि २०८० मा रेखा शर्मा सञ्चार तथा सूचनाप्रविधि मन्त्री बनेर आइन्। उनले २०८० मंसिर ११ गते सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका पारित गराउँदै राजपत्रमा प्रकाशित गराइन्। तर, यो निर्देशिकालाई लिएर पनि टीकाटिप्पणी भए। संसदीय प्रक्रियालाई मिचेर सामाजिक सञ्जाल नियमन जस्तो संवेदनशील विषय प्रशासनिक कानूनको रूपमा सरकारले ल्याएको भन्दै त्यसको वैधतामाथि प्रश्न उठ्यो। अर्कोतर्फ उक्त निर्देशिकामा सामाजिक सञ्जाल प्लेटफर्मको परिभाषा अस्पष्ट, सूचीकरणको प्रक्रिया तथा सूचीकरण नभएको अवस्थामा सामाजिक सञ्जाललाई रोक लगाउने व्यवस्थाको व्यापक विरोध भयो। यसका साथै सरकारले चाहेमा सामाजिक सञ्जालमा प्रकाशन गरिएका सामग्री निर्देशन दिएको २४ घण्टाभित्र हटाउनुपर्ने जस्ता व्यवस्थाको चौतर्फी आलोचना भयो।

सोही निर्देशिकालाई टेकेर तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले २०८० कात्तिक २७ गते सामाजिक सद्भावमा खलल पुऱ्याएको भन्दै चिनियाँ एप टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो। प्रतिबन्धको निर्णयलाई वैधानिकता दिन टेकिएको निर्देशिका भने राजपत्रमा २०८० मंसिर ११ मा मात्रै प्रकाशित भएको थियो। सरकारी निर्णयका कारण टिकटक नेपालमा लगभग १ वर्ष प्रतिबन्धमा पऱ्यो।

२०८२ भदौ ९ मा आएर तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' लाई नै आधार मानेर सामाजिक सञ्जालहरूलाई सात दिनभित्र सूचीकरणमा आउन सार्वजनिक आह्वान गरेको थियो। तर, सूचीकरणमा नआएको भन्दै २०८२ भदौ १९ गते २६ वटा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने अलोकप्रिय निर्णय गऱ्यो। प्रतिबन्धले राजनीतिक दलप्रति चुलिएको आक्रोशलाई थप बढाउने काम गर्दा २३ र २४ भदौको जेनजी आन्दोलनले देशको समग्र राजनीतिक अवस्था नै फेरिदियो। ओली सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध फुकुवा गर्न बाध्य भयो। तर, आन्दोलन नथामिएपछि सरकार नै ढल्यो।

त्यो निर्देशिकालाई संसदीय वैधानिकता नभएर कार्यान्वयनमा प्रश्न उठेको भन्दै तत्कालीन सञ्चारमन्त्री गुरुङले २०८१ माघ १५ गतेको राष्ट्रिय सभामा सामाजिक सञ्जाल विधेयक दर्ता गराएका थिए। निर्देशिकाका केही प्रावधान फेरबदल गरेर राखिए पनि विधेयकमा धेरै हदसम्म निर्देशिकाकै व्यवस्था राखिएको थियो। उक्त विधेयक अझै पनि राष्ट्रिय सभामा विचाराधीन छ।

***अन्तर्राष्ट्रिय अभ्यास***

सामाजिक सञ्जाल नियमनको विषय नेपालमा मात्र नभएर विभिन्न देश तथा क्षेत्रहरूमा केही नजिर स्थापित भएको देखिन्छ। विश्वव्यापी रूपमा नै पेचिलो बनिरहेको सामाजिक सञ्जाल नियमनको बहस आफैंमा बहुआयामिक छ। एकातर्फ नागरिकको हकअधिकार सुनिश्चित गर्नुपर्ने दायित्व राज्यसँग छ भने अर्कोतर्फ सामाजिक सञ्जाललाई नै आधार बनाएर फैलिने गरेका भ्रामक सूचना, डिप फेक, दुर्व्यवहार, गैरकानूनी क्रियाकलापको नियन्त्रण आफैंमा चुनौतीपूर्ण बनेको छ।

***युरोपियन युनियनको अभ्यास***

यस विषयमा युरोपको अभ्यास हेर्ने हो भने त्यहाँ अनलाइन सुरक्षा तथा मानवअधिकार संरक्षणलाई जोड दिएको पाइन्छ। नियमनको अभ्यास विभिन्न चरणमा लागू भएका कानूनमा आधारित छ। जसमध्येको एक हो सन् २०१६ मा लागू गरिएको डेटा संरक्षण नीति (जीडीपीआर)। यसले युरोपेली नागरिकको डेटा संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। सोही नीति अनुरूप कुनै पनि सेवा प्रदायकले युरोपेली प्रयोगकर्ताको डेटा प्रशोधन गर्नुपूर्व उनीहरूको अनिवार्य अनुमति लिनुपर्ने बाध्यकारी व्यवस्था लागू गरिएको छ। यही नीतिले अनलाइनमाध्यमबाट आफ्नो डिजिटल फुटप्रिन्ट हटाउने व्यवस्था (राइट टु बी फरगटन) समेत स्थापित गरेको हो। यही नीतिले प्रदान गरेका अधिकार सुनिश्चित गर्नका लागि युरोपका २७ राष्ट्रहरूमा डेटा संरक्षण निकायको स्थापना गरिएको छ। जसलाई स्वतन्त्र नियामकको रूपमा विकास गरिएको छ।

नियमनको निरन्तरता स्वरूप सन् २०२२ मा सामाजिक सञ्जाल मात्र नभई सम्पूर्ण डिजिटल प्लेटफर्महरूको नियमनका लागि डिजिटल सेवा ऐन (म्भिष्तबी क्भचखष्अभक ब्अत) लागू गरिएको छ। यस ऐनले युरोपमा सञ्चालनमा रहेका सम्पूर्ण अनलाइनमाध्यमलाई नियमन गर्छ। जसमा अनलाइन सेवाको आधारमा नियमनको वर्गीकरण गरिएको छ। यदि कुनै डिजिटल प्लेटफर्म युरोपको १० प्रतिशतभन्दा धेरै प्रयोगकर्ताले प्रयोग गर्छन् भने त्यसलाई ठूलो सेवा प्रदायकको रूपमा वर्गीकरण गरिएको छ। यसरी हाल वर्गीकरण गरिएका १९ ठूला सेवा प्रदायकलाई यसै कानूनले कडाइका साथ नियमन गर्छ। जुन प्रयोगकर्ताको सुरक्षा र हितमा बढी केन्द्रित छ। विशेषगरी अनलाइनमाध्यम मार्फत हुने गैरकानूनी क्रियाकलापलाई यी ठूला सेवा प्रदायकले अनुगमन गर्नुपर्ने हुन्छ। त्यसैगरी यस्ता प्लेटफर्म मार्फत हुने दुर्व्यवहार, गैरकानूनी व्यापार व्यवसाय तथा विज्ञापन, बालबालिका विरुद्ध हुनसक्ने जोखिम आदिलाई उच्च निगरानी गर्नुपर्ने विषय बनाइएको छ। यो नियम उल्लंघन गर्ने सेवा प्रदायकलाई युरोपस्तरीय प्रतिबन्ध सहित चर्को जरिवानाको सजाय व्यवस्था गरिएको छ।

***बेलायतको अनलाइन सुरक्षा ऐन***

बेलायतले सन् २०२३ अक्टोबरमा अनलाइन सुरक्षा ऐन लागू गरेको छ। जसले डिजिटल सुरक्षालाई नयाँ आयाम प्रदान गरेको छ। यो ऐनले सामाजिक सञ्जाल कम्पनी र सर्च इन्जिन सेवा प्रदायकमाथि कानूनी दायित्व सिर्जना गरेको छ। विशेषगरी अवैधानिक र बालबालिकाका लागि जोखिमपूर्ण सामग्रीबाट जोगाउने उद्देश्यले संरक्षण गर्नुपर्ने कर्तव्य स्थापित गरेको छ।

ऐन अनुसार, सामाजिक सञ्जाल प्लेटफर्महरूले उमेर प्रमाणीकरण प्रणाली लागू गर्नुपर्छ। बालबालिकाहरूलाई अश्लील सामग्री, आत्महत्या, आत्म-हानि र खाने विकार सम्बन्धी सामग्रीबाट जोगाउनुपर्छ। प्लेटफर्महरूले गैरकानूनी सामग्री द्रुत रूपमा हटाउन सक्षम टोली र प्रणालीहरू राख्नुपर्ने व्यवस्था छ। स्वतन्त्र नियामक निकाय इअफक लाई व्यापक अधिकार प्रत्यायोजन गरिएको छ। जसले नियम उल्लंघन गर्ने प्लेटफर्महरूमाथि उनीहरूले वहन गर्ने राजस्वको १० प्रतिशत वा १.८ करोड पाउन्डसम्म जरिवाना लगाउन सक्ने अधिकार दिइएको छ। गम्भीर अवस्थामा सेवा प्रतिबन्ध गर्न समेत अदालतमा निवेदन दिन सक्ने अधिकार छ। यद्यपि, यस कानूनको आलोचना समेत भइरहेको छ। विशेषगरी भ्लम-तय-भ्लम भ्लअचथउतष्यल को सम्बन्धमा। केही प्राविधिक तथा विशेषज्ञहरूले यो कानूनले इन्क्रिप्सनलाई कमजोर बनाउने सम्भावना रहेको दाबी गर्दै प्रयोगकर्ताको गोपनीयतामा आघात पुग्न सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन्।

***अष्ट्रेलियाको अभ्यास***

अष्ट्रेलियाले भने बालबालिकाको सुरक्षालाई मुख्य आधार मान्दै उमेर हदका आधारमा सामाजिक सञ्जाल नियमनको फरक अभ्यास सुरुआत गरेको छ। जसको सम्भाव्यता एवम् असर आकलन गर्न केही समय लाग्ने देखिन्छ। उक्त नियम अनुरूप १६ वर्ष मुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा निषेध लगाइएको छ। यसलाई हाल लागू भएका नियममध्ये सबैभन्दा कठोर रूपमा हेरिएको छ। यो कानून अन्तर्गत, सामाजिक सञ्जाल प्लेटफर्महरूलाई उचित कदम चाल्ने जिम्मेवारी दिइएको छ। जसले गर्दा १६ वर्ष मुनिका बालबालिकाहरूले खाता खोल्न नपाउन्। यो कठोर नियमले बालबालिकाको अनलाइन सुरक्षा र उनीहरूको डिजिटल अधिकार बीचको सन्तुलन कसरी कायम राख्न सक्छ भन्ने विश्वव्यापी बहस समेत शुरु गराएको छ।


***अन्तर्राष्ट्रिय सिकाइ तथा हाम्रो वर्तमान अवस्था***

अन्तर्राष्ट्रिय सिकाइलाई आधार मान्ने हो भने उनीहरूले केही नजिर स्थापित गरेको भेटिन्छ जस्तै कि समयसापेक्ष कानून तथा कानूनमा आधारित नियमन, स्वतन्त्र नियामक निकायको व्यवस्था, नागरिक हकको संरक्षण तथा सुनिश्चितता।

यी सबै अभ्यासमा समान देखिने विशेषताहरू भनेको नागरिकको अधिकार संरक्षण मुख्य आधार, अनलाइनमाध्यममा हुने गैरकानूनी क्रियाकलापको न्यूनीकरण तथा रोकथाम, बालबालिकाको सुरक्षा रहेको देखिन्छ। विशेषगरी यहाँका नागरिकहरूलाई सरकारको नियतमा कुनै शंका छैन जसले यी नियमनहरूलाई सहज बनाएको छ।

बाँकी ३पृष्ठमा

# मान्छे पृथ्वीको कति गहिराइसम्म पुगेको छ ?




हाम्रो ग्रह पृथ्वीको केन्द्रमा के हुन सक्छ भन्नेबारे कैयौं फिल्महरू, किताबहरू र टेलिभिजन कार्यक्रमहरू छन्।
त्यहाँ प्राग ऐतिहासिक जीवहरू बस्ने जमिनमुनिको संसारदेखि वैकल्पिक मानव सभ्यतासम्मका कथाहरू छन् जुन समानरूपमा रोमाञ्चक र डरलाग्दा छन्।
हामी जमिनको सतहमुनि धेरै तल नपुगेको भए पनि वास्तवमा हाम्रो पैतालामुनि के छ भन्नेबारेमा हामीलाई धेरै कुरा थाहा छ, र वास्तविकता धेरै नै फरक छ।
त्यसो भए हामी जमिनको सतहमुनि कति तल पुगेका छौं? र त्यहाँ के छ भन्नेबारे हामीलाई के थाहा छ ?

*पृथ्वीका तहहरू*

पृथ्वीभित्रै चार प्रमुख तह छन्।
युनिभर्सिटी कलेज लन्डनमा भूगर्भ विशेषज्ञ प्रोफेसर आना फरेराका

## पृथ्वीको संरचना




स्रोत : University of Hawaii

अनुसार हरेक तह फरक फरक छन्।
उनले बीबीसी रेडियो ४ को कार्यक्रम द इन्फिनिट मङ्की केजलाई बताए अनुसार "सबभन्दा बाहिर असाध्यै पातलो र नाजुक तह छ जसलाई क्रस्ट भनिन्छ। र यो तहमा हामी सबै बस्छौं"
समुद्रको तल रहेको पृथ्वीको 'क्रस्ट' पातलो छ तर महादेशहरूबीच यो तह ७० किलोमिटरसम्म मोटो हुन सक्छ।
'क्रस्ट' भन्दा तल 'म्यान्टल' हुन्छ। त्यसको तह ३००० किलोमिटर मोटो हुन्छ र म्याग्मा भनिने 'चट्टान'बाट बनेको हुन्छ जुन हेर्दा ठोस देखिन्छ।
फरेरा भन्छिन्, "तर यो वास्तवमा लाखौं वर्षदेखि बगिरहेको छ।"
र त्यसमा बाहिरी गर्भ 'आउटर कोर' हुन्छ जुन खासमा तरल फलाम र निकेल भन्ने तत्त्वबाट बनेको हुन्छ जसले गर्दा पृथ्वीमा चुम्बकीय क्षेत्र उत्पन्न हुन्छ।
भित्री गर्भ 'इनर कोर' ठोस फलाम र निकेलबाट बनेको हुन्छ जुन पृथ्वीको सबभन्दा तातो अंश हो र त्यसको तापक्रम ५,५०० डिग्री सम्म पुग्छ।

*'सुपरडीप' जानु*

अहिलेसम्म मान्छे पृथ्वीको सबभन्दा गहिरोसम्म पुगेको भनेको दक्षिण अफ्रिकाको सुनखानी, एमपोनेङ गोल्ड माइनमा हो जुन जोहानेसबर्गबाट करिब ७५ किलोमिटर दक्षिण पश्चिममा अवस्थित छ। यहाँको खाडल पृथ्वीको बाहिरी सतहदेखि करिब ४ किलोमिटरको गहिराइसम्म पुगेको छ।
मानिसहरू भौतिक रूपमा धेरै तल पुग्न नसकेको भए पनि ड्रील प्रयोग गरेर तलसम्म खनेका छन्।
अहिलेसम्मको मान्छेले बनाएको सबभन्दा गहिरो प्वालचाहिँ 'कोला सुपरडीप बोरहोल' हो जुन तत्कालिन सोभियतहरूले उत्तरी रुसमा खनेका थिए र त्यो बीस वर्षसम्म खनेर सन् १९९२ मा सम्पन्न गरिएको थियो। यो पृथ्वीको बाहिरी सतहदेखि १२.२ किलोमिटर तलसम्म जान्छ।
यो न्युयोर्कको गगनचुम्बी भवन एम्पाएर स्टेट बिल्डिङजस्ता २७ वटा भवन एकमाथि अर्को चाङ लगाउँदा हुने उचाइ जत्तिकै गहिरो हो। तर त्यो पनि पृथ्वीको क्रस्टको एक तिहाइ अंश मात्र हुनजान्छ। विभिन्न कारणले गर्दा पृथ्वीको क्रस्टको गहिराइसम्म खन्नु असाध्यै कठिन कार्य हो।
जति गहिराइतर्फ प्रवेश गऱ्यो त्यति त्यहाँको तापक्रम बढ्दै गइरहेको हुन्छ।
जुन दरमा तापक्रम बढ्दै जान्छ त्यसलाई जीओथर्मल ग्रेडिएन्ट भनिन्छ। महाद्वीपीय क्रस्टमा यसको औसत तापक्रम प्रति किलोमिटर २५ देखि ३२ डिग्री सेल्सियस हुने ब्रिटिश भूवैज्ञानिक क्रिस ज्याक्सन बताउँछन्।

*पृथ्वीको 'स्क्यानिङ'*

यदि हामी सतहबाट धेरै मुनि जान सक्दैनौं भने हामीले पृथ्वीको भित्री भागका विभिन्न अंशबारे कसरी अध्ययन गर्न सक्छौं?
जबाफ अनौठो छ - भूकम्पीय तरङ्गको सहयोगले।
ती पृथ्वीको भित्र फैलने भूकम्पले सिर्जना गर्ने कम्पनहरू हुन्।
यी फरक तहहरू हुँदै यात्रा गर्दा फरक गुणहरू हासिल गर्छन् जसलाई सीस्मोमिटरहरूले मापन गर्न सकिन्छ।
"त्यसपछि हामी उन्नत प्रकारको डेटा विश्लेषण गर्छौं, हामी मोडलिङ पनि गर्छौं र त्यसलाई पृथ्वीको भित्री भागको तस्बिर बनाउन प्रयोग गर्छौं", फरेरा भन्छिन्।
ज्याक्सनले ती चित्रहरूलाई "पृथ्वीको सीटी स्क्यान" जस्तो भनेर वर्णन गरे।
दुवै विशेषज्ञहरू पृथ्वीका विभिन्न तहहरूको अध्ययनले हाम्रो संसारको धेरै कुराहरू बुझ्न सहयोग गर्नेबारे सहमत छन्, जस्तो



कि भूकम्प वा ज्वालामुखीको प्रक्रिया र कसरी हिमालहरू बने भन्ने प्रक्रिया बुझ्न।
फरेरा भन्छिन्, "तपाईंले अन्त्यमा गएर म्यान्टलले कसरी काम गर्छ भन्ने बुझ्नै पर्छ।"
यसबारेमा जानकारी राख्दा प्रकारान्तरले विभिन्न प्रयोगमा सहयोग पुग्न सक्छ जस्तो कि भूतापीय ऊर्जाको सम्भाव्यता बुझ्न। भूतापीय ऊर्जा त्यस्तो प्रकारको नवीकरणीय ऊर्जा हो जसले पृथ्वीको भित्री भागमा रहेको तापको उपयोग गर्छ।
उनले अनुसन्धानको यो क्षेत्र कहिलेकाहीं धेरै अन्वेषणमुखी हुने बताइन्। यसले पृथ्वीको विभिन्न कालखण्डमा क्रमिक विकास कसरी भयो भन्ने बुझ्न सहयोग गर्छ र शायद यो पृथ्वीभन्दा टाढाको सन्दर्भमा पनि उपयोग गर्न सकिन्छ।
"के हामी त्यसो भए यो बुझाइको उपयोग अन्य ग्रह बुझ्न पनि गर्न सक्छौं त," उनको प्रश्न छ।
बीबीसी रेडियो ४ मा प्रसारित द इन्फिनिट मङ्की केज भन्ने कार्यक्रममा आधारित ।बीबीसीबाट

## सामाजिक.............

हाम्रो सन्दर्भमा हेर्ने हो भने हामीसँग मौजुदा कानूनी संयन्त्रको कुरा गर्ने हो भने सूचनाप्रविधि क्षेत्रको विशिष्टीकृत कानून भनेको विद्युतीय कारोबार ऐन, २०६३ मात्र छ। लगभग २० वर्ष पहिला लागू गरिएको यो कानूनले अहिले भइरहेको सूचनाप्रविधिको तीव्र विकासका सन्दर्भमा गर्नुपर्ने नियमनको विषय सम्बोधन गर्न सक्दैन। यस बीचमा उक्त कानून प्रतिस्थापन गर्न गरिएका सबै प्रयास विफल भएका छन्। हालै विघटन भएको प्रतिनिधिसभाले सूचनाप्रविधि र सामाजिक सञ्जाललाई खण्डीकरण गरी फरक-फरक कानून मार्फत नियमन गर्ने प्रयास गरेको थियो। तर, त्यसमा पनि व्यापक आलोचना खेप्नु परेको थियो।
सबै प्रयत्नहरूमा कठोर नियमनको प्रयास नै आलोचनाको मुख्य कारण रहेको देखिन्छ। भर्खरै बामे सार्दै गरेको सूचनाप्रविधि उद्योगलाई कठोर नियमन भन्दा पनि प्रवर्धनमुखी नीति तथा नियमले डोऱ्याउँदै लैजानु आजको आवश्यकता देखिन्छ। त्यसैगरी सामाजिक सञ्जाल नियमनमा समेत सरकारी तवरबाट गलत र भ्रामक सूचनाको प्रवाह भइरहेको देखिन्छ। यसको एउटा उदाहरण सामाजिक सञ्जाल सेवा प्रदायकलाई करको दायरामा आउनको लागि सूचीकरण गर्नुपर्ने प्रयास हो।
जबकि विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०८१ अन्तर्गत गुगल, फेसबुक, माइक्रोसफ्ट लगायत कम्पनीहरू नेपालको कर प्रणालीमा २०८० असारदेखि नै दर्ता भइसकेका छन्। हालसम्म माइक्रोसफ्ट, गुगल, मेटा लगायत १९ सामाजिक सञ्जाल एवं सूचनाप्रविधि कम्पनी आन्तरिक राजस्व विभागमा दर्ता भएर आर्थिक वर्ष २०८०/८१ मा मात्र २ अर्ब ७५ करोड ८० लाख ३२ हजार रुपैयाँको कारोबार बराबरको ४१ करोड कर तिरेको विवरण सार्वजनिक भइसकेको छ। यस्तो गलत प्रचारले सरकारको नियत नियमन हो कि नियन्त्रण भन्ने प्रश्न खडा गरेको छ।

*अबको बाटो*

हामीसँग मैजुदा रहेका कानूनी तथा संस्थागत संरचनाबाट आजको डिजिटल समाज र अर्थतन्त्रको नियमन अनि प्रवर्धन दुवै हुन सक्दैन। अहिले विचाराधीन रहेका विधेयक सोही मनसाय र प्रावधानका साथ संसद्बाट पारित नै भएर कानून बन्दै गर्दा पनि यसको कार्यान्वयन सहज छैन। हाम्रो जस्तो राष्ट्र जहाँ इन्टरनेट प्रयोगकर्ताको ठूलो हिस्सा सामाजिक सञ्जालमा सक्रिय छ; यो केवल मनोरञ्जनको स्रोत मात्र हैन, हरेक दिन परिवारजनसँग दैनिक कुराकानीको माध्यम पनि हो, सेवा तथा वस्तुको व्यापार गरिने व्यापारिक थलो पनि हो। अहिलेको अवस्थामा यो माध्यमले हाम्रो समाज र अर्थतन्त्र दुवैलाई जोडेको छ। सामाजिक सञ्जाल सेवा प्रदायकका लागि नेपाल जस्तो सानो अर्थतन्त्रमा व्यापार भन्दा पनि एक लोकतान्त्रिक राष्ट्रमा प्रतिबन्धित हुँदै गर्दा त्यसले दिने सन्देश अर्थपूर्ण छ जस्तो लाग्छ।
सरकारले अथक् प्रयास गर्दा समेत अधिकांश सामाजिक सञ्जालले प्रतिक्रिया नदिनुका केही निम्न कारण छन्– प्लेटफर्म सूचीकरणलाई सञ्चालन अनुमति (ष्अभलकभ) जस्तो बनाइनु, सामग्री हटाउने अधिकार सरकारी निकायमा केन्द्रित हुनु, न्यायिक पुनरावलोकन र अपिलको स्पष्ट व्यवस्था नहुनु, प्राविधिक रूपमा कार्यान्वयनमा जटिलता हुनु। यी कम्पनीहरूको तर्क अनुसार उनीहरू नेपालको कानून मान्न तयार छन्, तर त्यो कानून अन्तर्राष्ट्रिय अभ्यास अनुसार प्लेटफर्म-उत्तरदायित्व, पारदर्शिता र प्रयोगकर्ताको अधिकारमा आधारित हुनुपर्छ। अर्को प्राविधिक पक्ष के हो भन्दा संसद्बाट कानून पारित भए पनि सामाजिक सञ्जाल कम्पनीहरू तत्काल नेपालमा भौतिक रूपमा दर्ता वा कार्यालय खोल्न बाध्य हुँदैनन् यदि बाध्य पार्ने नै हो भने अन्तर्राष्ट्रिय कानूनी प्रक्रिया र अदालतको आवश्यकता हुन्छ जुन विषय निकै जटिल छ। नेपालले कानूनी रूपमा गर्न सक्ने मुख्य उपायहरू भनेको नेपालस्थित विज्ञापन तथा व्यावसायिक गतिविधिमा रोक, इन्टरनेट सेवा प्रदायक मार्फत आंशिक अवरोध, अदालत मार्फत अन्तर्राष्ट्रिय कानूनी सहकार्यको प्रयास आदि हुन्। तर पूर्ण प्रतिबन्ध अन्तिम विकल्प (बिकत च्भकयचत) मानिन्छ जुन आफैंमा अलोकतान्त्रिक र अधिनायकवादी अभ्यास हो।
सरकारले कठोर नियमनको हठबाट माथि उठेर समयसापेक्ष कानून अवलम्बन गर्नुको विकल्प छैन। आजको आवश्यकता भनेको नागरिको डेटा तथा मानवअधिकारको संरक्षणलाई प्राथमिकतामा राखेर सरोकारवालहरूको सहभागितामा नीतिनिर्माणमा जोड दिनु हो। नेपालको सन्दर्भमा सूचनाप्रविधि तथा सामाजिक सञ्जाल नियमन आवश्यक छ भन्ने विषयमा विवाद छैन। तर, कसरी नियमन गर्ने ? भन्ने प्रश्न नै आजको बहसको केन्द्र हो। अन्तर्राष्ट्रिय अभ्यासहरूले स्पष्ट पारेको कुरा के हो भने सूचनाप्रविधि तथा सामाजिक सञ्जाल नियमन सफल हुनका लागि नागरिकले अनलाइनमाध्यममा उपभोग गर्ने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता र सुरक्षा बीचको सन्तुलन अत्यावश्यक छ। निर्देशिका मार्फत प्लेटफर्म सूचीकरण, प्रतिबन्ध र सामग्री हटाउने अधिकार केन्द्रीकृत गर्नुले अल्पकालीन नियन्त्रण त सम्भव होला, तर दीर्घकालीन रूपमा यसले डिजिटल अर्थतन्त्र, नवप्रवर्तन र नागरिक स्वतन्त्रतामाथि नकारात्मक असर पार्ने जोखिम उच्च रहन्छ।
नेपालले अब सामाजिक सञ्जाललाई केवल 'नियन्त्रण गर्ने समस्या' होइन; लोकतन्त्र, अर्थतन्त्र र डिजिटल सिटीजनसिपलाई अविभाज्य हिस्साका रूपमा हेर्न जरुरी छ। त्यसका लागि व्यापक परामर्श, सहकार्य, अन्तर्राष्ट्रिय असल अभ्यासको आत्मसात्, स्वतन्त्र नियामक संरचना र संसदीय वैधानिकतामा आधारित कानूनी ढाँचा नै दिगो समाधान हुन सक्छ।
डिजिटल युगमा सामाजिक सञ्जाल नियमनको वास्तविक सफलता प्रतिबन्धमा होइन, विश्वास, उत्तरदायित्व र अधिकारको सहअस्तित्वमा निहित छ। अनलाइनखबरबाट

# सप्तरी-२ मा राउत घेराबन्दीमा, त्रिपक्षीय भिडन्त

दैनिक समाचारदाता

जनकपुरधाम ८ माघ । सप्तरी-२ को चुनाव यसपटक पनि रोचक हुनेछ । गत २०७९ को चुनावमा जनमत पार्टीका अध्यक्ष डा. सीके राउत र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले यही क्षेत्र प्रतिस्पर्धा गरेका थिए ।

दुई जनाको भिडन्तमा यादव पराजित भए । यसपटक पनि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सोही क्षेत्रबाट चुनाव लड्ने तयारीमा थिए, तर अध्यक्ष राउतले यो क्षेत्र नछाड्ने भएपछि उनी सप्तरी-३ तिर सरेका छन् । सप्तरी-२ मा भने जसपा नेपालले नेता उमेश यादवलाई उम्मेदवार बनाएको छ ।

यसपटक सप्तरी-२ मा राउतसँग काम गरेका दुई नेता उनीविरुद्ध नै खडा भएका छन् । जनमतबाट मधेस प्रदेशमा मुख्यमन्त्री भइसकेका सतिश सिंहले स्वाभिमान पार्टीबाट राउतविरुद्ध उम्मेदवारी दिएका छन् । त्यस्तै अध्यक्ष राउतनिकट रहेर जनमतको प्रवक्तासमेत भएका डा. शरतसिंह यादवले आफ्नै नेतृत्वमा गठन गरेको जनअधिकार पार्टीबाट राउतविरुद्ध उम्मेदवारी दिएका छन् ।

दुवैले अध्यक्ष राउतका कारण पार्टी छाडेका थिए । संयोगवश, दुवै अध्यक्ष राउतका प्रतिस्पर्धी बनेका छन् ।

सतिश जनमत पार्टीबाट मुख्यमन्त्री बनेका थिए । 'पुस्तान्तरण आन्दोलन' (जेनजी आन्दोलन) पछि अध्यक्ष राउतले मुख्यमन्त्री सतिशलाई राजीनामा गर्न लगाएका थिए । पछि आन्दोलन सामसुम भएपछि उनी मुख्यमन्त्रीमै रहन चाहेका थिए, तर अध्यक्ष राउतले उनलाई जबर्जस्ती हटाए । त्यति नै बेला उनले पार्टी छाडिसकेका थिए ।

तर पछि सर्वोच्च अदालतले 'जनमत पार्टी नेपाल'लाई मान्यता नदिएपछि सतिश फेरि जनमतमै फर्किए । र उम्मेदवारी दर्ताको एक दिनअघि मधेस प्रदेश सभाबाट राजीनामा दिएर स्वाभिमान पार्टीबाट उनले राउतविरुद्ध उम्मेदवारी दिएका छन् ।

त्यस्तै शरतसिंहले पनि अध्यक्ष राउतकै कारण पार्टी छाडेका थिए । पुस्तान्तरण आन्दोलनपछि पुस्तान्तरण हुनुपर्छ भन्दै उनले अध्यक्ष राउतको राजीनामा मागेका थिए । तर राउतले राजीनामा दिनुको सट्टा शरतसिंहलाई नै 'राजीनामा दिएर जा नत्र कारबाही हुन्छ' भनेपछि उनले आफ्नै नेतृत्वमा जनअधिकार पार्टी गठन गरेका थिए ।

अब सतिश र शरतसिंहको घेराबन्दीले राउत कमजोर हुने र त्यसको फाइदा जसपा नेपालका उम्मेदवार उमेश यादवलाई हुने सप्तरी-२ मा विश्लेषण भइरहेको छ ।

गत चुनावमा राउत त्यहाँबाट विजयी भएका थिए । त्यतिबेला उनले ३५ हजार ४२ मत प्राप्त गरेका थिए भने जसपा नेपालका अध्यक्ष यादवले १६ हजार ९७९ मत मात्र ल्याएका थिए । तत्कालीन लोसपाका जेपी ठाकुरले सात हजार ३४७ मत ल्याएका थिए । अहिले जसपा नेपाल र लोसपाबिच एकता भएको छ ।

त्यहाँ नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) ले तत्कालीन लोसपालाई र नेकपा (एमाले) ले जसपा नेपाललाई साथ दिएको थियो ।

तर यसपटक त्यहाँ कुनै दलबिच गठबन्धन छैन, सबैले एक्लाएक्लै उम्मेदवारी दिएका छन् । नेपाली कांग्रेसबाट रामकुमार यादव, नेकपा (एमाले) बाट मो. जियाउल रहमान, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट सूर्यनाथ यादवले उम्मेदवारी दिएका छन् भने अन्य नयाँ दलहरूले पनि उम्मेदवारी दिएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट रामजी यादव, नेपाल जनता पार्टीबाट रञ्जुकुमारी झा (जसपा छाडेर यो पार्टीबाट चुनाव लड्दै छिन्), श्रम संस्कृति पार्टीबाट त्रिभुवन खंग, उज्यालो नेपाल पार्टीबाट दीपक चौधरी, जनता लोकतान्त्रिक पार्टी नेपालबाट बलराम यादव पनि यहाँबाट उम्मेदवार छन् ।

क्षेत्रको प्रारम्भिक प्रतिक्रियाअनुसार यहाँ ३२ जना उम्मेदवार भए पनि राउत, सतिश सिंह र जसपा नेपालका नेता उमेशीबिच नै मुख्य प्रतिस्पर्धा हुने देखिन्छ । सतिश २०७४ मा तत्कालीन राजपा नेपालबाट स्थानीय तहको तिलाठी कोइलाडी गाउँपालिका अध्यक्षमा विजयी भएका थिए भने जनमत पार्टीबाट २०७९ मा सप्तरी-२ (२) बाट प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए । उनका बुवा लोसपा नेपालबाट राष्ट्रिय सभा सदस्य थिए । अर्थात्, पुरानै राजनीतिक प्रभाव भएको परिवारका सतिश यसपटक राउतका कडा प्रतिस्पर्धी मानिएका छन् । २०७९ को चुनावमा प्रदेश सभातर्फ सप्तरी-२ (१) बाट सतिशले १६ हजार ७३७ मत ल्याउँदा उनका निकटतम प्रतिद्वन्द्वी जसपा नेपालका शैलेन्द्र साहले मात्र आठ हजार २९२ मत पाएका थिए ।



सप्तरी-२ का उम्मेदवार सतिश भन्छन्, 'म राउतविरुद्ध चुनाव लडेको होइन, उहाँ मेरो प्रतिस्पर्धी वा प्रतिद्वन्द्वी होइन । म उहाँलाई आफ्नो प्रतिद्वन्द्वी नै मान्दिनँ । उहाँले हाम्रो साथ र सहयोगका कारण विगतको चुनाव जित्नुभएको थियो । यसपटक कसैले उहाँलाई साथ दिएको छैन, नेता हुन्, केही मत त आउँछ नै, तर जित्न निकै गाह्रो छ ।'

राउतलाई कम आँक्दै सतिशले थपे, 'जसको बलमा उहाँले विगतको चुनाव जित्नुभएको थियो, त्यसलाई नै उहाँले पहिचान गर्न सक्नुभएन । आज उहाँको साथमा को छन्, क्षेत्रमा आएर हेर्नुहोस् न ।'

नेकपा छाडेर जसपा नेपालमा आबद्ध भएका उमेशले पनि सप्तरी-२ मा पटक-पटक चुनावी प्रतिस्पर्धा गरिसकेका छन् । २०७० सालको दोस्रो संविधानसभामा विजयी भएका उनी ०७४ मा भने उपेन्द्र यादवसँग पराजित भएका थिए ।२०७९ मा पनि सप्तरी-२ ( २) मा तत्कालीन माओवादीबाट प्रदेश सभा सदस्यका लागि चुनाव लडेका उनी पराजित भएका थिए । उनलाई जनमत पार्टीका महेश यादवले हराएका थिए । महेशले पनि माओवादी छाडेरै जनमत पार्टीमा गई चुनाव जितेका थिए ।

जिल्लामा माओवादीबाट महेश र उमेशबिच प्रतिस्पर्धा थियो । महेशले माओवादी छाडेर जनमतबाट उमेशलाई हराएका थिए । यसपटक उमेश पनि जसपा नेपालबाट टिकट लिएर चुनावी मैदामा उत्रिसकेका छन्, त्यो पनि राउतविरुद्ध ।

राउतका लागि यो दोस्रो चुनाव हो । मधेसलाई राज्यबाटै टुक्र्याउनुपर्ने वकालत गरेका राउत ०७५ सालमा तत्कालीन केपी ओली नेतृत्वको सरकारसँग ११ बुँदे सम्झौता गरेर मूलधारको राजनीतिमा आएका थिए, र जनमत पार्टी गठन गरेका थिए । पहिलो पटक ०७९ को चुनावमा भाग लिंदा वैकल्पिक शक्तिका रूपमा उदाएको भन्दै उनको निकै चर्चा भएको थियो ।

एउटा सिट प्रत्यक्षतर्फ र पाँच वटा समानुपातिकतर्फ जितेर उनी ६ सिटसहित राष्ट्रिय दल बनेर संसद् प्रवेश गरेका थिए, तर पार्टी गठन भएको सात-आठ वर्ष नपुग्दै टुक्रा-टुक्रा भएको छ । धेरै नेता उनको साथ छाडेर निस्किसकेका छन् । ०७९ सालमा जनमतको जुन प्रभाव र सम्भावना थियो, त्यो यसपटकको चुनावमा नदेखिने मधेसमा टिप्पणी भइरहेको छ ।

## निर्वाचन...........

उत्त्रिनुभएको छ ।

महिलामात्र होइन, युवा पुस्तामा पनि निर्वाचन प्रहरीप्रति आकर्षण देखिएको छ । १९ वर्षीया कुशुकुमारीले शान्तिपूर्ण निर्वाचन सफल बनाउन र केही आम्दानी गर्न निर्वाचन प्रहरी रोजेको बताउनुभयो । यस्तै, बहुदरमाई-७ का २४ वर्षे अमृत महतोले भविष्यमा सुरक्षा निकायमा प्रवेशका लागि अनुभव हासिल गर्ने उद्देश्यले निर्वाचन प्रहरीमा सहभागी भएको जनाउनुभयो ।

सरकारले निर्वाचन सुरक्षाका लागि आवेदन खुलाएपछि पर्सामा ठूलो संख्यामा आवेदन परेका छन् । जिल्ला प्रशासन कार्यालयका अनुसार नेपाल प्रहरीतर्फ पाँच हजार तीन सय ९९ र सशस्त्र प्रहरीतर्फ पाँच सय ७१ जनाको आवेदन परेको छ । सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले महिला तथा पुरुष दुवैको सहभागिता उत्साहजनक रहेको बताउँदै छोटो अवधिको रोजगारी र अवसरले सहभागिता बढाएको उल्लेख गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरूले छनोट प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाउन नियमित अनुगमन गरिरहेको प्रशासनले जनाएको छ । पर्सामा देखिएको यो सहभागिताले निर्वाचनप्रति नागरिकको चासो र महिलाको बढ्दो सक्रियतालाई स्पष्ट रूपमा देखाएको छ ।

## सभा, सम्मेलन....

क्षेत्रमा भेला तथा बैठक गरेर अब कसरी प्रचारप्रसार सुरु गर्ने भनी छलफल गरेका छन् ।

राजनीतिक दलहरुले उम्मेदवारसहित छलफल राखेर प्रचारप्रसार तथा घरदैलोलाई तीव्र रुपमा अघि बढाउने निर्णय गरेका हुन् । कतिपयले अब बिहीबारदेखि घरदैलो नै सुरु गर्ने तयारी गरेका छन् भने केही राजनीतिक दलले बिहीबार पनि भेला, बैठकहरु आयोजना गरेका छन् । अब डेढ महिनाजति उम्मेदवारहरुलाई घरघरमै पुगेर आफूलाई मत माग्न भ्याइनभ्याइ पर्छ ।

# सुनचाँदीको मूल्य केही घट्यो

काठमाडौं, ८ माघ । स्थानीय बजारमा आज सुनचाँदीको मूल्यमा केही कमी आएको छ । बुधबारको तुलनामा आज प्रतितोला सुन दुई हजार ९०० र चाँदी ५० ले घटेको हो ।



नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज एक तोला छापावाल सुनको मूल्य दुई लाख ९२ हजार २०० त्यति नै चाँदीको मोल पाँच हजार ८७० कायम भएको छ ।

बुधबार एक तोला छापावाल सुनको मूल्य दुई लाख ९५ हजार १०० र त्यति नै चाँदीको मोल पाँच हजार ९२० कायम भएको थियो । मङ्गलबार एक तोला छापावाल सुनको मूल्य दुई लाख ८४ हजार ७०० त्यति नै चाँदीको मोल पाँच हजार ८८० कायम भएको थियो । गत आइतबार एक तोला सुन दुई लाख ७८ हजार ८०० र त्यति नै परिमाणको चाँदी पाँच हजार ६२५ मा कारोबार भएको थियो । सोमबार एक तोला सुन दुई लाख ८२ हजार र त्यति नै परिमाणको सेतो धातु पाँच हजार ८१० मा खरिदबिक्री भएको थियो । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आज अन्तर्राष्ट्रिय बजारमा एक औंस सुन चार हजार ६९५ र त्यति नै परिमाणको सेतो धातु ९५ अमेरिकी डलरमा कारोबार भइरहेको छ । रासस

# विद्यार्थीलाई पोशाक वितरण

दैनिक समाचारदाता

रौतहट,८ माघ । रौतहटको फतुवा विजयपुर नगरपालिका-८, विजयपुरमा विद्यार्थीलाई पोशाक वितरण गरिएको छ ।



माँ सरस्वती प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पोशाक वितरण गरिएको विद्यालयका प्रधानाध्यापक सुबोध यादवले जानकारी दिनुभयो । एक कार्यक्रमका बिच उक्त विद्यालयमा अध्ययनरत १ सय ५० जना विद्यार्थीलाई आर्थिक वर्ष २०८१-८२ छात्रवृत्तिको रकमबाट पोशाक वितरण गरिएको उहाँले बताउनुभयो ।

विद्यार्थीलाई नियमित विद्यालयमा आउन र पठनपाठनमा सहज होस् भन्ने उद्येश्यले पोशाक वितरण गरिएको विद्यालयका शिक्षिका सरिता यादवको भनाइ छ ।

विद्यालयमा अध्ययनरत दलित विद्यार्थी तथा छात्राहरुका लागि आउने छात्रवृत्ति रकमबाट विद्यालयमा अध्ययनरत शिशु कक्षादेखि कक्षा ५ सम्मका १ सय ५० विद्यार्थीलाई पोशाक वितरण गरिएको विद्यालयका बाल विकास सहजकर्ता दिपमाला यादवले जानकारी दिनुभयो ।

विद्यार्थीलाई पोशाक वितरण गर्नुहुँदै फतुवा विजयपुर नगरपालिकाका कार्यबाहक नगर प्रमुख अम्बेया खातुनले शिक्षामा टेवा पुगोस् भन्ने उद्येश्यले विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई पोशाक वितरण गरिएको बताउनुभयो ।

पोशाक वितरण कार्यक्रममा शिक्षा शाखा प्रमुख मुकेश साह, राजश्व शाखा प्रमुख उपेन्द्रप्रसाद साह, विद्यार्थी, अभिभावक तथा स्थानीय बुद्धिजीवीको उपस्थिति रहेको थियो ।

# शुक्रबारदेखि मौसम बदली : कहाँकहाँ पर्छ पानी ?

काठमाडौं, ८ माघ । पश्चिमी वायुको प्रभावका कारण शुक्रबार अपराह्नदेखि मौसम बदली हुने अनुमान गरिएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार मुख्यगरी नेपालको पश्चिम क्षेत्रमा मौसम बदली भई मध्यमसम्म वर्षा र हिमपात हुने जनाइएको छ ।

विभागका मौसमविद् डेभिट ढकालले माघ ९ र १० गते शुक्रबार दिउँसोदेखि पश्चिम नेपालबाट बादल लाग्न सुरु गर्ने जानकारी दिनुभयो । उहाँले त्यसपछि सुदूरपश्चिम क्षेत्रको थोरै स्थानमा हल्का वर्षा सुरु हुने जनाउनुभयो ।

शुक्रबार राति देशैभरका उच्च पहाडी तथा हिमाली भूभागका केही ठाउँमा मध्यमसम्म हिउँ पर्ने सम्भावना छ ।

उहाँले पश्चिमी वायुको प्रभावले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा तथा गण्डकी प्रदेशका थोरै स्थानहरूमा मेघगर्जनसहित मध्यम वर्षा हुने जानकारी दिनुभयो ।

साथै गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जनसहित असिनाको सम्भावना रहेको पनि ढकालले बताउनुभयो । शनिबार केही सुधार हुने भए पनि बदलीको असर देशभर देखिने र चिसो बढाउने विभागले जनाएको छ ।

मौसम बदलीको प्रभावले दैनिक जनजीवन, पर्यटन, स्वास्थ्य साथै हवाई तथा सडक यातायातमा प्रभाव पर्न सक्ने भएकाले महाशाखाबाट दैनिक जारी हुने अद्यावधिक मौसमी सूचनाको जानकारी लिन विभागले आज एक सूचना जारी गरी अनुरोध गरेको छ । रासस




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,.जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४